# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

**Volume 17, Issue 2 No. 98 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Bhadra 2074 (September 2017)**

## सञ्चार मन्त्रीद्वारा कम्पनीको निरीक्षण



निर्देशन दिनु हुँदै माननीय मन्त्री बस्नेत

सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले गत भाद्र ५ गते नेपाल टेलिकम केन्द्रीय कार्यालयको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनु भएको छ।

भ्रमणका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा माननीय मन्त्री बस्नेतले समय र परिस्थिति अनुरुप थप प्रतिस्पर्धी बन्नु पर्ने टेलिकमको चुनौति भएको बताउदै यसका लागि टिम वर्कका साथ अगाडि बढ्न नेतृत्व पंक्तिलाई निर्देशन दिनु भयो।

नेपाल टेलिकममा जनताको समेत स्वामित्व रहेकाले सबैले चासोका साथ हेरेको स्मरण गर्दै उहाँले ग्राहक सेवालाई अझै चुस्त बनाउन, डाटा सेवालाई गुणस्तरीय बनाउन, विभिन्न परियोजनाहरु समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो। साथै उहाँले नेपाल टेलिकमका सेवाहरुको व्यापक विस्तारले मुलुकको कुल गार्हस्थ उत्पादन वृद्धिमा समेत सघाउ पुग्ने भएकाले यसतर्फ विशेष ध्यान दिएर कार्य गर्न आग्रह गर्नुभयो।

सो अवसरमा नेपाल टेलिकममा सर्वसाधारण शेयरधनी तर्फका सञ्चालक सदस्य विनय कुमार चालिसेले डाटा व्यवसायको भविष्य राम्रो भएकाले कम्पनीले यो वर्ष थ्रि जीको सबै योजना सम्पन्न

*(बाँकी २ पेजमा)*

## कर्पोरेट युजरका लागि विशेष प्याकेज

नेपाल टेलिकमले जीएसएम पोष्टपेड मोबाइलका कर्पोरेट ग्राहकहरुका लागि पहिलेदेखि नै उपलब्ध गराएको कर्पोरेट युजर ग्रुप - सीयुजी (Corporate User Group – CUG) सुविधालाई रिप्याकेज गर्नुका साथै नयाँ महसुल दर समेत निर्धारण गरेको छ। यो सुविधा गत साउन ३१ देखि शुरु भएको छ र आगामी कात्तिक २७ गतेसम्म लागू हुनेछ।

अब सीयूजी सुविधा प्रयोग गरी एउटै सीयूजी प्याकेज अन्तर्गत रहेका कर्पोरेट ग्राहकहरुले एक अर्कामा निःशुल्क रुपमा असीमित (Unlimited) भ्वाइस कल गर्न सक्ने छन्। साथै कर्पोरेट युजर ग्रुप बाहेक नेपाल टेलिकमकै नेटवर्कभित्रका अन्य नम्बरमा समेत भ्वाइस कल गर्न र डाटा चलाउन पाइने छ। कम्पनीले कर्पोरेट ग्रुपका विभिन्न समूहलाई उपयुक्त हुने गरी कर सहित ४ सय, ७ सय, १ हजार, १३ सय र १६ सय रुपैयाँको विभिन्न दरका सीयूजी प्याकेजहरु उपलब्ध गराएको छ।

सबैभन्दा सस्तो प्याकेज ४ सय रुपैयाँमा उपलब्ध हुनेछ। यस अन्तर्गत सीयूजी ग्रुप भन्दा बाहिर कम्पनीकै नेटवर्कमा १५० मिनेट भ्वाइस कल गर्न तथा ३०० एमबी डाटा चलाउन पाइने छ। त्यसैगरी ७ सय रुपैयाँमा ३०० मिनेट भ्वाइस कल गर्न र ८०० एमबी डाटा चलाउन सकिने छ। यो बाहेक १ हजार रुपैयाँमा ४५० मिनेट भ्वाइस कल गर्न र १५०० एमबी डाटा चलाउन, १३ सय रुपैयाँमा ६०० मिनेट भ्वाइस कल गर्न

*(बाँकी ४ पेजमा)*

## प्रमोसनल अफरको निरन्तरता

नेपाल टेलिकमले जीएसएम तथा सीडीएमए मोबाइल सेवाका ग्राहकलाई २०७४ बैशाख तथा सो पछि विभिन्न अवसरमा उपलब्ध गराएका प्रमोसनल अफरहरुलाई थप तीन महिनाका लागि निरन्तरता दिएको छ।

कम्पनीले ल्याएका यी अफर उपभोक्ताहरुले अत्यधिक रुपमा रुचाएकोले अफरलाई निरन्तरता दिइएको हो। यी अफरहरु २०७४ कात्तिक २३ गतेसम्म कायम रहनेछन्।

अफर अन्तर्गत अल टाइम डाटा प्याकेज, नाइट डाटा प्याकेज, फेसबुक/इन्स्टाग्राम डाटा प्याक, फोरजी डाटा प्याक र नाइट भ्वाइस प्याकेज रहेका छन्।

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याकेज र नाइट डाटा प्याकेज प्रयोग गर्न सकिन्छ।

अल टाइम डाटा प्याकेज अन्तर्गत २५ रुपैयाँमा सात दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ६० एमबी डाटा उपलब्ध गराइएको छ।

त्यसैगरी ५० रुपैयाँमा १५ दिनसम्म चौबीसै घण्टा उपभोग गर्न पाउने गरी १२५ एमबी डाटा, १ सय रुपैयाँमा ३० दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ४ सय एमबी डाटा, २ सय रुपैयाँमा ३० दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ८५० एमबी डाटा र ३ सय रुपैयाँमा ३० दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १५ सय एमबी डाटा उपलब्ध गराइएको छ।

नाइट डाटा प्याकेज अन्तर्गत ४५ रुपैयाँमा ५ सय एमबी डाटा ७ दिनसम्म र ९० रुपैयाँमा १२ सय एमबी डाटा १५ दिनसम्म चलाउन पाइने छ। यो वाहेक २ सय रुपैयाँमा ३ जीबी डाटा र ३ सय रुपैयाँमा ६.५ जीबी डाटा तीस दिनसम्म चलाउन पाइने छ। नाइट डाटा प्याकेज राती १०

*(बाँकी २ पेजमा)*

## कम्पनीद्वारा सञ्चारकर्मीहरू सम्मानित



सर्वसाधारण नेपाली नागरिकलाई टेलिफोन सेवा उपलब्ध गराइएको एक सय वर्ष पूरा (२०७४ जेठ १ गते) भएको उपलक्ष्यमा नेपाल टेलिकमले तीन जना सञ्चारकर्मीहरुलाई हालै सम्मान गरेको छ।

नेपालका आमसञ्चार माध्यममा नेपाल टेलिकमको सेवा, सुविधा सम्बन्धमा २०७३ सालमा उत्कृष्ट सामग्री प्रकाशन र प्रसारण गर्ने दुई जना आमसञ्चारकर्मीलाई छनोट गरी सम्मान गर्ने निर्णय बमोजिम कम्पनीले सो सम्मान गरेको हो।

२०७४ श्रावण २९ गते एक विशेष कार्यक्रमको आयोजना गरी सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले सञ्चारकर्मीहरुलाई सम्मान गर्नुभएको थियो।

*(बाँकी २ पेजमा)*

(१ पेजको बाँकी)

## सञ्चार मन्त्रीद्वारा ...

गर्नुपर्ने र फोर जीको कार्य अगाडि बढाउनु पर्ने बताउनु भयो । उहाँले गुणस्तरीय सेवा प्रदान गर्न र ग्राहकका विभिन्न गुनासाहरु सम्बोधन गर्नका लागि पनि कम्पनीले नयाँ प्रविधिलाई भित्र्याउनु पर्ने आवश्यकता रहेको बताउनु भयो ।

कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको हालको समग्र अवस्थाका बारेमा संक्षिप्त जानकारी गराउदै १७ प्रतिशत ग्राहक वृद्धि गर्ने र १० प्रतिशत राजश्व वृद्धि गर्ने गरी आगामी वर्षको कार्यक्रम तय गरिएको बताउनु भयो । उहाँले सो अवसरमा आगामी वर्षका लागि कम्पनीले तयार गरेका विभिन्न योजना बारेमा समेत जानकारी गराउनु भएको थियो ।

उक्त अवसरमा सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव (सञ्चालक सदस्य) रामचन्द्र ढकालको समेत उपस्थिति थियो । त्यसैगरी कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु एवं वरिष्ठ अधिकृतहरु तथा कम्पनीमा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरुको समेत उपस्थिति रहेको थियो ।

(१ पेजको बाँकी)

## प्रमोसनल अफरको ...

बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ ।

फेसबुक/इन्स्टाग्राम डाटा प्याक अन्तर्गत २५ रुपैयाँमा ११० एमबी डाटा ७ दिन र ५० रुपैयाँमा २३० एमबी डाटा १४ दिन तथा एक सय रुपैयाँमा ५ सय एमबी डाटा र २ सय रुपैयाँमा ११ सय एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ ।

कम्पनीले जीएसएम प्रिपेड/पोष्टपेड मोबाइलमा पहिलेदेखि नै उपलब्ध गराइरहेको फोरजी डाटा प्याकलाई पनि निरन्तरता दिएको छ । यस अनुसार ५० रुपैयाँमा २ सय एमबी डाटा ७ दिनका लागि र एक सय रुपैयाँमा ५ सय एमबी डाटा १४ दिनका लागि उपलब्ध हुनेछ ।

त्यसैगरी २ सय रुपैयाँमा १२ सय एमबी, ३ सय रुपैयाँमा २ हजार एमबी र ५ सय रुपैयाँमा ३६ सय एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ ।

उपरोक्त फोरजी डाटा प्याक फोरजी नेटवर्क भएका स्थानहरुमा फोरजी मोबाइल सेट भएका ग्राहकहरुलाई लक्षित गरी ल्याइएको हो । तथापि भ्वाइस कल हुंदाको समयमा प्राविधिक रुपमा थ्रिजीमा फलब्याक हुने हुँदा उक्त समयमा प्रयोग गर्न मिल्ने गरी प्रत्येक फोरजी डाटा प्याकमै ३० प्रतिशत डाटा भोल्युम टु जी/थ्रि जी नेटवर्कमा समेत प्रयोग गर्न मिल्ने व्यवस्था गरिएको छ । टु जी/थ्रि जी नेटवर्कमा प्रयोग नभएको अवस्थामा भने फोर जी डाटा प्याकको पूरै भोल्युम फोर जी नेटवर्कमै प्रयोग गर्न सकिने छ ।

नाइट भ्वाइस प्याकेज अन्तर्गत २५ रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म २ सय ५० मिनेट कल सुविधा सात दिनसम्म उपभोग गर्न पाइने गरी उपलब्ध गराइएको छ ।

डाटा र भ्वाइस तथा फोरजी प्याकेज प्राप्त गर्नका लागि *1415# मा डायल गर्नु पर्छ । उपरोक्त अफरका दरहरु करसहितका हुन् ।

## कम्पनी र नेपाल टेलिभिजनबीच सम्झौता



नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धनका लागि सन्देशमूलक सामग्री प्रसारण गर्ने सम्बन्धमा नेपाल टेलिभिजनसँग सम्झौता सम्पन्न भएको छ ।

सम्झौताअनुसार नेपाल टेलिभिजन (NTV) र NTV Plus बाट प्रसारण हुने समाचार तथा अन्य महत्वपूर्ण कार्यक्रम अघि तथा बीचमा नेपाल टेलिकमको व्यापार प्रवर्द्धन गर्ने किसिमका सन्देशमूलक सामग्रीहरु प्रसारण गरिने छ ।

गत भाद्र २ गते कम्पनीको केन्द्रीय कार्यालयमा भएको उक्त सम्झौतापत्रमा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी तथा नेपाल टेलिभिजनको तर्फबाट कार्यकारी अध्यक्ष महेश राज दाहालले हस्ताक्षर गर्नुभएको थियो ।

उक्त अवसरमा बोल्दै कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिभिजनसँगको सहकार्यले कम्पनीका सेवाहरुको व्यवसाय प्रवर्द्धन गर्न तथा सेवाग्राहीहरुलाई सूसुचित गर्न सहयोग पुगेको बताउनु भयो ।

सो अवसरमा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष महेश राज दाहालले यस किसिमको सम्झौताबाट संस्थाहरु बीचको सम्बन्ध अझ सुदृढ हुनुका साथै सेवाग्राहीहरुलाई सही सूचना प्रवाह गर्न मद्दत पुग्ने बताउनु भयो । कम्पनी र नेपाल टेलिभिजनबीच सम्पन्न उक्त सम्झौता २०७४ श्रावण १ देखि एक वर्षसम्म लागू हुने छ ।

(१ पेजको बाँकी)

## कम्पनीद्वारा सञ्चारकर्मी ...



प्रदान गर्नका लागि फोर जी एलटीईको बोलपत्र आह्वान गर्ने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका तत्कालीन अध्यक्ष डा. महेन्द्र बिष्टले नकारात्मक भन्दा पनि स्वच्छ आलोचनाका समाचार लेखिउन् भन्ने महासंघको चाहना रहेको बताउँदै सम्मानले सञ्चारकर्मी र टेलिकम बीच सहकार्यका लागि बाटो फराकिलो बनाउने विचार व्यक्त गर्नुभयो ।

सो अवसरमा कम्पनीका प्रमुख प्राविधिक अधिकृत लोचनलाल अमात्यले नेपालमा दूरसञ्चार सेवाको सय वर्षे यात्राका केही झलकहरु प्रस्तुत गर्नुभएको थियो ।

कम्पनीका प्रबन्धक तथा छनोट समितिका संयोजक प्रतिभा बैद्यले सम्मानका लागि अपनाइएको छनोट प्रक्रिया बारे जानकारी दिदै प्राप्त समाचार सामग्रीहरुको तथ्यपरकता, सन्तुलन, विश्वसनीयता, विषयवस्तुको सान्दर्भिकता, भाषा, समाचार संरचना आदिको आधारमा मूल्याङ्कन गरी उत्कृष्ट समाचार सामग्री छनोट गरिएको जानकारी दिनु भएको थियो ।

सो अवसरमा सूचना तथा सञ्चार मन्त्रालय र नेपाल टेलिकमका बरिष्ठ अधिकृतहरुका साथै सञ्चारकर्मीहरुको सहभागिता थियो ।

कम्पनीले नेपालका आमसञ्चार माध्यममा नेपाल टेलिकमको सेवा, सुविधा सम्बन्धमा उत्कृष्ट सामग्री प्रकाशन र प्रसारण गर्ने दुई जना आमसञ्चारकर्मीलाई छनोट गरी सम्मानित गर्ने प्रयोजनका लागि २०७४ बैशाख २१ गते नेपाल पत्रकार महासंघको समेत प्रतिनिधित्व रहने गरी मूल्याङ्कन समिति गठन गरेको थियो । उक्त समितिले २०७४ बैशाख २२ गते सूचना प्रकाशित गरी सो सम्बन्धी सामग्री पठाउन आह्वान गरेको थियो ।

यस अनुसार टेलिकमको फोर-जी सुरु शीर्षकको समाचार लेख्ने नागरिक दैनिकका सञ्चारकर्मीद्वय र नेपालमा 'फोरजी' सेवा सुरु शीर्षकको समाचार लेख्ने गोरखापत्र दैनिकका सञ्चारकर्मीलाई कम्पनीले सम्मान गरेको हो ।


यसरी सम्मानित हुनेहरुमा नागरिक दैनिकका सञ्चारकर्मीद्वय सन्तोष न्यौपाने (काठमाडौं) र सन्तोष पोखरेल (पोखरा) (संयुक्त रुपमा लेखिएको समाचारका लागि संयुक्त रुपमा) र गोरखापत्र दैनिकका सञ्चारकर्मी विश्वास रेग्मी हुनुहुन्थ्यो ।

सो अवसरमा माननीय मन्त्री बस्नेतले नेपाल टेलिकमले दुर्गम स्थानमा समेत सेवा उपलब्ध गराउनु पर्ने र प्रतिस्पर्धामा पनि उत्रनु पर्ने बाध्यता भएको बताउँदै छिटोछरितो रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो । उहाँले कम्पनीले तय गरेका कार्यक्रमहरु प्रभावकारी रुपमा निश्चित समयभित्र कार्यान्वयन गर्न निर्देशन दिनुभएको थियो ।

उक्त अवसरमा नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष एवं सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले प्रत्येक विपत्को समयमा नेपाल टेलिकमलाई सम्झिने नेपाली धेरै भएको स्मरण गर्दै मुलुकका सम्पूर्ण स्थानमा सेवा पुऱ्याएर पनि सधैं पहिलो नम्बरमा रहनु पर्ने कम्पनीको लक्ष्य रहेको बताउनु भयो । उहाँले नेपाल टेलिकम, सरकार र सञ्चारकर्मीबीचको सम्बन्धलाई अझै सुदृढ गर्नुपर्ने बताउनु भयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीले आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न कार्यक्रमहरु मार्फत १७ प्रतिशत ग्राहक थप्ने र सेवा विस्तार तथा गुणस्तर सुदृढीकरणका लागि करिब २२ अर्ब पूँजीगत लगानी गर्ने योजना तय गरेको जानकारी दिनुभयो ।

उहाँले चालु आर्थिक वर्ष २०७४/०७५ भित्र एक करोड जीएसएम प्रोजेक्ट अन्तर्गतका कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको र ग्राहकहरुलाई रुची र आवश्यकताअनुसारका सेवाहरु छनोट गर्ने अवसर




**मोबाइलमा फेसबुक प्याक लिन के गर्नु पर्छ ?**

मोबाइलमा फेसबुक प्याक लिनका लागि *1415*2# डायल गर्नु पर्छ। त्यसपछि फरक फरक डाटा प्याकेजको सूची नम्बरसहित आउँछ। आफूलाई उपयुक्त लागेको प्याकेज लिनका लागि त्यही अनुसारको नम्बर लेखेर Send गर्नुपर्छ। प्याक लिनका लागि मोबाइलमा आवश्यक ब्यालेन्स भने हुनु आवश्यक छ।

त्यसैगरी *1415# डायल गर्ने र त्यसपछि दिइएको निर्देशन अनुसार पनि फेसबुक प्याक लिन सकिन्छ।

यो बाहेक आफूलाई प्याकको बारेमा जानकारी भएमा सिधै १४१५ मा SMS गरेर पनि फेसबुक प्याक लिन सकिन्छ। उदाहरणको लागि ११० एमबीको फेसबुक प्याक लिनु परेमा FB110MB लेखेर १४१५ मा SMS गर्न सकिन्छ।

**मोबाइलमा फेसबुक चलाउनका लागि कुन कुन प्याकेज उपलब्ध छ ?**

मोबाइलमा फेसबुक चलाउनका लागि हाल ४ प्रकारका प्याकेज उपलब्ध छन्। जीएसएम प्रिपेड तथा पोष्टपेड दुबै मोबाइलमा यो सुविधा उपलब्ध छ। हाल ११० एमबी, २३० एमबी, ५०० एमबी र ११०० एमबीको फेसबुक प्याक लिन सकिन्छ। रु. २५।- मा ७ दिन समयावधिसम्म ११० एमबी प्याक चलाउन सकिन्छ। रु. ५०।- मा १४ दिन समयावधिसम्म २३० एमबी प्याक चलाउन सकिन्छ। त्यसैगरी रु. १००।- मा ५०० एमबी र रु. २००।- मा ११०० एमबी प्याक २८ दिन समयावधिसम्म चलाउन सकिन्छ।

**मैले फेसबुक प्याक लिएर फेसबुक चलाएको थिएँ। तर फेसबुक चलाउदा पनि मेरो ब्यालेन्सबाट पैसा काटियो। यस्तो पनि हुन्छ र ?**

फेसबुक प्याक फेसबुक चलाउनका लागि मात्र उपलब्ध गराइएको प्याकेज हो। त्यसैले फेसबुक चलाउँदा यसमा भएको अन्य लिंकहरु खोल्नु हुँदैन। अन्य लिंक खोलेमा मुख्य ब्यालेन्सकै पैसा काटिन्छ। त्यसैगरी मोबाइलमा फेसबुककै आधिकारिक एप्सबाट मात्रै फेसबुक खोल्नु पर्छ। ओपेरा मिनी वा यस्तै प्रोक्सी ब्राउजर मार्फत फेसबुक खोल्दा भने मुख्य ब्यालेन्सबाटै पैसा काटिन्छ।

तपाईंको सन्दर्भमा पनि यही भएको हुन सक्छ। त्यसैले फेसबुक प्याक लिइसकेपछि फेसबुक एप्सबाटै फेसबुक खोल्ने र अन्य लिंकहरु नखोल्ने गर्नुहोला। अन्य अवस्थामा भने मुख्य ब्यालेन्सबाट पैसा काटिन्छ।

**घरमा भएको ल्यान्डलाइन टेलिफोनको बिल SMS पठाएर पनि थाहा पाउन सकिन्छ ? के गर्नुपर्छ ?**

घरमा भएको ल्यान्डलाइनको महसुल थाहा पाउनका लागि आफ्नो मोबाइलको म्यासेज बक्समा गएर osb टाइप गर्ने, अनि एक स्पेस दिएर बिल हेर्न चाहेको टेलिफोन नम्बरमा अगाडि शून्य बाहेक एरिया कोड र टेलिफोन नम्बर टाइप गरी 1400 मा SMS पठाउने गर्नु पर्छ। जस्तै : osb 215xxxxx लेखेर 1400 मा SMS पठाउने।

**ADSL को बाँकी रहेको डाटा भोल्युम थाहा पाउनका लागि के गर्ने ?**

आफ्नो मोबाइलबाट आफूले चाहेको ADSL को बारेमा आवश्यक जानकारी लिन सकिन्छ। यसका लागि म्यासेज बक्समा गएर VL*NTADSL पछि बिल हेर्न चाहेको टेलिफोन नम्बरमा अगाडि शून्य सहित एरिया कोड र टेलिफोन नम्बर टाइप गरी 1415 मा SMS पठाउनु पर्छ।

जस्तै : VL*NTADSL0215xxxxx लेखेर 1415 मा SMS पठाउने।

# ल्यान्डलाइन फोनमा पूरक सुविधा लिने तरिका

ल्यान्डलाइन टेलिफोन (PSTN) सेवामा फोन गर्ने बाहेक अन्य विभिन्न सुविधाहरु समेत लिन सकिन्छ। यी सुविधाहरु, प्रयोग गर्ने तरिका र लाग्ने शुल्क सम्बन्धी जानकारी :

| सि.नं. | सुविधाहरु | परिचय | Activate गर्ने तरिका | | | Deactivate गर्ने तरिका | | | शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | E10B | J-Rack | Siemens | E10B | J-Rack | Siemens | |
| १ | Originating Restriction | आइएसडी (ISD) सेवा आफैले बन्द गर्न र खोल्न सकिने | *33LC# (LC=Locking Code) | *33*LC*3# | *33*LC*1# | #33*LC# | #33*LC# | #33*LC# | नि:शुल्क |
| २ | Abbreviated Dialing | बारम्बार डायल गर्नुपर्ने नम्बरलाई कुनै दुई अंकमा सेभ (Save) गरी सोही दुई अंक थिची नम्बर डायल गर्न सकिने | *51*ab* Tel No.# | *51*ab* Tel No.# | *51*ab* Tel No.# | #51*ab# | #51*LC *ab# | #51*LC *ab# | नि:शुल्क |
| ३ | Call Transfer | एउटामा आउने सम्पूर्ण कल अर्को नम्बरमा डाइभर्ट (Divert) हुने | *21* Tel No.# | *21*LC* Tel No.# | *21*LC* Tel No.# | #21# | #21*LC# | #21*LC# | नि:शुल्क |
| ४ | Busy Transfer | टेलिफोन व्यस्त हुँदा आउने कल अर्को नम्बरमा डाइभर्ट (Divert) हुने | *60* Tel No.# | *60*LC* Tel No.# | *60*LC* Tel No.# | #60# | #60*LC# | #60*LC# | नि:शुल्क |
| ५ | No Answer Transfer | ६ पटकसम्म घण्टी बजेर पनि फोन नउठेमा अर्को नम्बरमा डाइभर्ट (Divert) हुने | *61* Tel No.# | *61*LC* Tel No.# | *61*LC* Tel No.# | #61# | #61*LC# | #61*LC# | नि:शुल्क |
| ६ | Wake Up Call | आवश्यक पर्ने समयमा अलार्म (Alarm) को रुपमा टेलिफोनमा घण्टी बजाउन वा समय सूचकको रुपमा प्रयोग गर्न सकिने | *55*HH MM# | *55*LC* HHMM# | *55LC* HHMM# | #55# | #55*LC# | #55*LC# | नि:शुल्क |
| ७ | Change Locking Code | आफूले राखेको लकिङ कोड (Locking Code) आफैले टेलिफोन सेटबाट परिवर्तन गर्न सकिने | *10* oldLCnew LC# | *10oldLC* newLC* newLC# | *10*oldLC *newLC# | - | - | - | नि:शुल्क |
| ८ | Whole facilities Deactivation | उपभोग गर्दै आएको सबै सुविधाहरु बन्द गर्न | - | #01*LC# | #01*LC# | - | - | - | नि:शुल्क |
| ९ | Call Waiting | टेलिफोनमा कुरा भइरहेको बेला अर्को कल आएको थाहा पाउन प्रयोग गरिने | कुरा भइरहेको अवस्थामा अर्को कल आएमा फोनमा Beep Tone सुनिन्छ। सो अवस्थामा नयाँ कल Receive गर्न FLASH थिचेर २ थिच्ने। पहिलो कल Hold मा रहन्छ। कल Terminate गर्नु परेमा FLASH थिचेर १ थिच्ने। | | | | | | नि:शुल्क |
| १० | Conference call (Three party) | तीनवटा टेलिफोनहरु बीच एकै साथ कुरा गर्न सकिने | ● पहिला एउटा नम्बर (B) डायल गर्ने<br>● त्यस पछि FLASH थिच्ने, डायल टोन आउँछ<br>● अनि अर्को नम्बर (C) डायल गर्ने<br>● C ले उठाई सकेपछि FLASH थिचेर ३ थिच्ने, त्यसपछि ३ जनाबीच Conference call हुन्छ<br>● FLASH थिचेर २ थिचेमा दुई नम्बर बीच toggle गरि कुरा गर्न सकिन्छ। | | | | | | कल गर्दा शुल्क लाग्ने |

- ल्यान्डलाइन टेलिफोनमा कसैले कल गरेकोमा कलरको नम्बर देखिने सुविधा (Caller ID) पनि नि:शुल्क भएको छ। यो सुविधा र लकिङ कोड (Locking Code) लिनका लागि सम्बन्धित एरियाको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्नुपर्ने हुन्छ।

# नि:शुल्क एसएमएस

नेपाल टेलिकमले देशका विभिन्न स्थानमा बाढी पहिरोबाट पीडितहरुको उद्धार तथा राहतका लागि आवश्यक सहयोग पुऱ्याउन गत साउन २९ देखि साउन ३१ गतेसम्म आफ्नो नेटवर्कभित्र नि:शुल्क एसएमएस पठाउन सकिने व्यवस्था गरेको थियो । यस अवधिमा करिव १ करोड १२ लाख नि:शुल्क एसएमएस आदानप्रदान भएको पाइएको छ ।

सो अनुसार साउन २९ गते १७ लाख ३० हजार, ३० गते ४७ लाख ५५ हजार र ३१ गते ४७ लाख १५ हजार एसएमएस आदानप्रदान भएका छन् ।

देशका विभिन्न भागमा बाढी पहिरोबाट नेपाली जनताहरु पीडित भइरहेको अवस्थामा राहत कार्यमा सहयोग पुगोस् तथा पीडितहरुलाई आफन्तजनसँग सम्पर्क गर्न सहज होस् भन्ने उद्देश्यले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सो नि:शुल्क एसएमएसको व्यवस्था गरिएको हो ।

त्यसैगरी कम्पनीको नेटवर्क प्रयोग गरी जल तथा मौसम विज्ञान विभागले विपत्को अवधिमा प्रभावित क्षेत्रका वासिन्दालाई ४ लाख ८६ हजार भन्दा बढी विपत् आउनु पूर्वको जानकारी (एलर्ट एसएमएस) पठाएको छ । सो विभागले साउन २० गते ९४ हजार ६ सय, साउन २९ गते ४ सय, साउन ३० गते १ लाख ६ हजार २ सय, ३१ गते ७८ हजार ८ सय र ३२ गते २ लाख ६ हजार ५ सय भन्दा बढी एसएमएस पठाएको छ । जल तथा मौसम विज्ञान विभागले आवश्यकता अनुसारको संख्यामा आफैं एसएमएस पठाउन सक्ने गरी कम्पनीले आवश्यक व्यवस्था गरिदिएको छ ।

यो भन्दा पहिले पनि कम्पनीले यस्तै प्रकारका एसएमएस नि:शुल्क रुपमा पठाउँदै आएको छ । २०७३ साउन १३ गते कम्पनी र जल तथा मौसम विज्ञान विभागबीच जल तथा मौसमजन्य विपत् सम्बन्धी पूर्व सूचना मोबाइल एसएमएस मार्फत पठाउने सम्बन्धी सम्झौता सम्पन्न भएको थियो । त्यसैअनुरुप विपत् आउनुपूर्व प्रभावित क्षेत्रका वासिन्दाले प्राप्त गर्न सक्ने गरी समूहगत रुपमा बल्क एसएमएस (Bulk SMS) मार्फत नि:शुल्क रुपमा आवश्यक जानकारी गराउने कार्य निरन्तर चलिरहेको छ । यसबाट जनधनको क्षति न्यूनीकरण हुने अपेक्षा गरिएको छ ।

# टेलिकमको छुट अफर

नेपाल टेलिकमले बुवाको मुख हेर्ने दिन तथा तीज पर्वको अवसरमा विभिन्न प्रकारका अफर उपलब्ध गराएको छ । अफर अन्तर्गत जीएसएम प्रिपेड/पोष्टपेड मोबाइलमा युट्युब डाटा प्याकेज र डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज रहेका छन् ।

युट्युब डाटा प्याकेज अन्तर्गत एक सय रुपैयाँमा १ जिबी डाटा भोल्युम प्राप्त हुनेछ । यो प्याकेज २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ । त्यसैगरी ६० रुपैयाँमा ५ सय एमबी डाटा १४ दिन अवधिका लागि उपलब्ध हुनेछ ।

डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज अन्तर्गत प्याक १५० र प्याक २५० उपलब्ध हुनेछ । प्याक १५० अन्तर्गत १५० रुपैयाँमा ६०० एमबी र प्याक २५० अन्तर्गत २५० रुपैयाँमा १ जिबी डाटा भोल्युम उपलब्ध हुनेछ । यी प्याक अन्तर्गतको स्किमबाट कम्पनीकै नेटवर्कमा कल वा एसएमएस गर्दा २० प्रतिशत छुट समेत उपलब्ध हुनेछ । यी दुई प्याक क्रमश: खरिद गरेको १४ दिन र २८ दिनको समयावधिसम्म प्रयोग गर्न सकिन्छ । डाटा भोल्युम सकिए पनि कल वा एसएमएस गर्दा भने १४ दिन र २८ दिनको समयावधिसम्म नै २० प्रतिशत छुट प्राप्त हुनेछ ।

युट्युब डाटा प्याकेज लिनका लागि YT1GB वा YT500MB लेखेर १४१५ मा SMS पठाउनु पर्छ । त्यसैगरी डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज लिनका लागि PACK150 वा PACK250 लेखेर १४१५ मा SMS पठाउनु पर्छ ।

यी सबै अफर भदौ ५ देखि भदौ १९ सम्म खरिद गर्न सकिने छ । त्यसैगरी यी सबै सुविधाको उपभोग जुनसुकै समयमा पनि गर्न सकिने छ ।

# कम्पनी र गोरखापत्रबीच सम्झौता



नेपाल टेलिकम र गोरखापत्र संस्थानबीच व्यावसायिक सहकार्यका लागि गत भाद्र २ गते सम्झौता सम्पन्न भएको छ ।

सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र गोरखापत्र संस्थानको तर्फबाट निमित्त महाप्रबन्धक हरिकला अधिकारीले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौताअनुसार गोरखापत्रमा नेपाल टेलिकमका सेवा सम्बन्धी सन्देश मूलक सामग्रीहरु प्रकाशन गरिनेछ ।

सो अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले मुलुककै जेठो प्रकाशन गृहसँग सहकार्य गर्न पाउनु कम्पनीका लागि खुशीको कुरा भएको बताउनु भयो ।

त्यसैगरी संस्थानका निमित्त महाप्रबन्धक अधिकारीले व्यवसाय प्रवर्द्धनका लागि प्राथमिकताका साथ गोरखापत्रलाई छनोट गरेकोमा कम्पनीप्रति आभार प्रकट गर्नुभयो ।

## कर्पोरेट युजरका ...

(१ पेजको बाँकी)

र २१०० एमबी डाटा चलाउन तथा १६ सय रुपैयाँमा ७५० मिनेट भ्वाइस कल गर्न र २७०० एमबी डाटा चलाउन पाइने छ । सबै प्याकेजमा रहेका ग्रुप सदस्यहरु बीचमा भने असीमित भ्वाइस कल गर्न सकिने छ ।

जीएसएम पोष्टपेड कर्पोरेट ग्राहकहरुलाई लक्ष्यित गरी कम्पनीले यो प्याकेज उपलब्ध गराएको हो । कुनै कर्पोरेट हाउसका कमसेकम १० जना जीएसएम पोष्टपेड प्रयोगकर्ता यो प्याकेजमा सहभागी हुन सक्ने छन् । कर्पोरेट हाउसले आधिकारिक रुपमा कम्पनीलाई जानकारी गराए पछि तोकिएका ग्राहकलाई सीयूजी प्याकेज उपलब्ध गराइने छ । कम्पनीको ग्राहक सेवा केन्द्रबाट यो सुविधा लिन सकिने छ ।

# कम्पनीको मुनाफा १५ अर्ब

नेपाल टेलिकमले आर्थिक वर्ष २०७४/७५ मा सेवा विस्तार तथा गुणस्तर सुदृढीकरणको लागि विभिन्न योजना तथा कार्यक्रमहरु तय गरी करिव रु.२२ अर्ब पूँजीगत लगानी गर्ने भएको छ । साथै चालु आर्थिक वर्षमा १७ प्रतिशत ग्राहक थप गर्ने लक्ष्य लिएको छ ।

२०७४ असार मसान्तसम्ममा कम्पनीको टेलिफोन ग्राहक आधार १ करोड ७६ लाख २ हजार २०२ रहेको छ । इन्टरनेट ग्राहक आधार २०७४ असार मसान्तसम्ममा ८४ लाख २६ हजार पुगेको छ ।

आर्थिक वर्ष २०७३/७४ मा कम्पनीको भ्वाइस सेवाको ग्राहक आधार करिव १७ प्रतिशतले वृद्धि भई टेलिघनत्व करिव ६२ प्रतिशत पुगेको छ । यसैगरी डाटा सेवाका ग्राहक करिव ११ प्रतिशतले वृद्धि भई डाटा घनत्व करिव ३० प्रतिशत पुगेको छ ।

आर्थिक वर्ष २०७३/७४ को अपरिष्कृत वित्तीय विवरणअनुसार कम्पनीको आम्दानी ४४ अर्ब रुपैयाँभन्दा बढी भएको छ भने करपछिको मुनाफा रु. १५ अर्बभन्दा बढी भएको छ ।

# सहुलियत दरको भिडियो कल सेवामा आकर्षण

नेपाल टेलिकमले बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि सहुलियत दरमा उपलब्ध गराएको भिडियो कल सेवा एक वर्षको अवधिमा ७ हजार ८४ जनाले उपभोग गरिरहेका छन् । कम्पनीले गत बर्षको असार ३१ देखि सहुलियत दरमा यो सेवा उपलब्ध गराएको थियो ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि सहुलियत दरमा भिडियो कल तथा एसएमएस सेवा सुरु गरेको थियो । टेलिकमको मोबाइल नम्बर (सिम)मा टेलिकमको नेटवर्कभित्रको लागि मात्र उपलब्ध गराइएको यो सेवाको महसुल प्रतिमिनेट ५० पैसा (करबाहेक) तोकिएको छ । साथै बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि २०७० माघदेखि एसएमएसको शुल्क प्रति एसएमएस २० पैसा (करबाहेक) का दरले तोकिएको छ ।

यो सेवा लिनका लागि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषदबाट जारी भएको परिचय पत्र (रातो कार्ड) सहित एकप्रति फोटो र आफ्नो नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ । यी सबै सेवाका लागि आफूलाई पायक पर्ने नेपाल टेलिकमको काउन्टरमा सम्पर्क राख्न सकिन्छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@yahoo.com **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** News Letter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**